




राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



तपाईले कोभिड–१९ विरुद्धको खोप लगाउनुभयो ?
लगाउनुभएको छैन भने नजिकको खोप केन्द्रमा सम्पर्क गरी पालो अनुसार खोप लगाऔं र अरुलाई पनि खोप लगाउन सहयोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



❑ वर्ष २२ ❑ अङ्क २२८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ भदौ १४ गते सोमबार ❑ 30 Aug. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।–


## लोकसेवा आयोगले दक्ष जनशक्ति व्यवस्थापन गर्नुपर्छ : प्रदेश प्रमुख गुरुङ

**पोखरापत्र संवाददाता**
**पोखरा, १३ भदौ**



गण्डकी प्रदेश प्रमुख पृथ्वीमान गुरुङले सार्वजनिक सेवा प्रवाहका लागि दक्ष जनशक्ति व्यवस्थापन गर्ने दायित्व लोकसेवा आयोगमा रहने बताउनुभएको छ।

गण्डकी प्रदेश लोकसेवा आयोगको वार्षिक प्रतिवेदन ग्रहण गर्दै उहाँले कर्मचारी प्रशासन स्थायी सरकार भएकाले गुणस्तरीय सेवा प्रवाहमा कर्मचारी प्रशासनको भूमिका महत्वपूर्ण हुने बताउनुभयो । सार्वजनिक सेवा प्रवाहलाई चुस्तदुरुस्त राख्दै सेवाग्राही जनतालाई छिटोछरितो सेवा दिनुपर्नेमा जोड दिँदै उहाँले तीन किसिमको दक्ष जनशक्ति छनोट गर्ने जिम्मेवारी लोकसेवा आयोगमा रहेको बताउनुभयो। प्रदेश राजधानी पोखरास्थित प्रदेश प्रमुखको कार्यकक्षमा आयोजित एक समारोहका बीच प्रदेश प्रमुखलाई गण्डकी प्रदेश लोकसेवा आयोगका अध्यक्ष विष्णु नेपालले आयोगले तयार पारेको वार्षिक प्रतिवेदन हस्तान्तरण गर्नुभएको हो। सो अवसरमा अध्यक्ष नेपालले संवैधानिक व्यवस्थाअनुसार आयोगद्वारा वार्षिक प्रतिवेदन तयार पारी प्रदेश प्रमुख समक्ष प्रस्तुत गरिएको बताउनुभयो । कोरोना कहरका बीच पनि प्रदेशका सम्पूर्ण जिल्लाबाट लिइएको सुझावका आधारमा प्रतिवेदन तयार गरिएको उहाँको भनाइ छ।

संघीय लोकसेवा आयोगको कार्यालय सरकारी भवनमै रहेको र प्रदेश लोकसेवा आयोग भाडाको भवनमार्फत सञ्चालन भएको बताउँदै अध्यक्ष नेपालले दुवै आयोगको कार्य सञ्चालन सरकारी कार्यालय भित्रबाटै हुने हो भने आर्थिक व्ययभार कम हुनुको साथै काममा थप सहज हुने विश्वास व्यक्त गर्नुभयो । प्रदेश प्रमुखको कार्यालयका सचिव हरिप्रसाद बाँस्तोलाले प्रदेश लोकसेवा आयोगको वार्षिक प्रतिवेदन कार्यान्वयनमा आवश्यक सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

## सराङकोटको धार्मिक तथा पर्यटन पूर्वाधार निर्माणमा प्रदेश सरकारले सहयोग गर्ने

**पोखरापत्र संवाददाता**
**पोखरा, १३ भदौ**

पोखरा १८ स्थित सराङकोटको धार्मिक एवं पर्यटन पूर्वाधार निर्माणमा गण्डकी प्रदेश सरकारले पुनः सहयोग गर्ने भएको छ । प्रदेश सरकारले यस अघि सराङकोट भ्यूटावर निर्माणमा करिब ९० लाख लगानी गरे पनि पुनः सराङकोट क्षेत्रको धार्मिक एवं पर्यटनको क्षेत्रमा सहयोग गर्ने प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेल सहितका मन्त्रीहरुले बताएका हुन् ।

सराङकोट धार्मिक क्षेत्र विकास समितिले आइतबार गण्डकी प्रदेशका मुख्यमन्त्री तथा मन्त्रीहरुलाई स्वागत तथा अवलोकन गर्न आयोजित कार्यक्रममा बोल्दै मुख्यमन्त्री पोखरेलले प्रदेशको मुख्य आकर्षणको रुपमा रहेको सराङकोट क्षेत्रको विकास गर्न आफुहरु कटिवद्ध भएको बताए । प्रदेशको समृद्धिको मुल आधार पर्यटन तथा धार्मिक पर्यटन भएको उल्लेख गर्दै उनले गजेन्द्र मोक्षधाम त्रिवेणी, देवघाट, विन्ध्यवासिनी, सराङकोट, पुम्दीकोट हुदै मुक्तिनाथसम्म धार्मिक करिडोरको रुपमा विकास




गर्नुपर्नेमा जोड दिए । दक्षिण तर्फ रहेको मित्र राष्ट्र भारतमा एक अर्व जनसङ्ख्या हिन्दुधर्मलम्बी भएको बताएका मुख्यमन्त्री पोखरेलले चार धाम मध्य एक धाम मुक्तिनाथ समेत रहेकोले त्यसको प्रबर्द्धन गर्न सके धार्मिक पर्यटनबाट प्रदेशको आर्थिक विकास हुने दाबी गरे ।

कार्यक्रममा गण्डकी प्रदेशका अर्थ मन्त्री रामजी प्रसाद बराल जीवनले शिव, पार्वती, गणेश भन्दा पनि जनता आफ्नो लागि ठुला भएको बताए । उनले भने "म जनताको सेवक हुँ, जनताको लागि पहिलो आधार भूत आवश्यकता के हो त्यसमा हाम्रो ध्यान केन्द्रित हुनुपर्छ, शिव, पार्वती, गणेशको मन्दिर बनाउर मात्र जनताको आवश्यकता पुरा हुन सक्दैन् ।" पर्यटन पूर्वाधार निर्माण गरेसंगै पर्यटकहरुलाई समय विताउने र घण्टौं समयसम्म भुलाउने स्थल नभए लगानी अनुसारको पर्यटनबाट आर्थिक लाभ लिन नसकिने मन्त्री बरालको भनाई थियो । प्रदेशका भौतिक पुर्वाधार, सहरी विकास तथा यातायात व्यबस्था मन्त्री कुमार खड्काले प्रदेश सरकारको बजेटको आधारमा जनताको आवश्यकतालाई मध्यनजर गरी बजेट विनियोजन हुने बताए । प्रदेशका पर्यटन उद्योग बाणिज्य तथा आपुर्ति मन्त्री मणिभद्र शर्माले सराङकोटको पर्यटन प्रबर्द्धन गर्न आवश्यक बजेटको व्यबस्था गर्न पहल गर्ने जनाए । प्रदेशका कानून, संचार तथा प्रदेश मामिला मन्त्री बिन्दु कुमार थापाले सराङकोटको डाँडामा पर्यटन पूर्वाधार निर्माण भएसँगै यस क्षेत्रको बाटोलाई समेत स्तरोन्नती गर्नुपर्ने, सराङकोटको डाँडामा रहेको एनटिभिको टावरलाई स्थान्तरण गर्नुपर्नेमा जोड दिए । समितिका प्रमुख संरक्षक भागवत भाष्कर प.कमलनयन गौतमले सराङकोटको विकास विना पोखराको विकास अधुरो हुने बताए । पोखरा १८ का वडा अध्यक्ष रण बहादुर थापाले सराङकोटको विकासमा प्रदेश सरकराले उल्लेखनिय भूमिका खेलेको बताए । काग्रेंस नेतृ शारदा पौडेलले सराङकोटको विकासमा सवै एक हुनु पर्ने बताइन । समितिका अध्यक्ष प्रेम बहादुर जिसीले प्रदेश सरकार सहित अन्य सहयोगबाट सराङकोटमा हाल २ करोड ५० लाखको लागतमा भ्यू टावर निर्माण हुन लागेको बताए ।

सराङकोटको बृहत योजना अर्न्तगत हालसम्म करिब २० करोडको केही काम भएको बाँकी करिब २१ करोडको काम बाँकी रहेको समितिले जनाएको छ । समितिले भ्यूटावर, गणेश मन्दीर, हुमन कुण्ड सहितका भौतिक संरचना बनाउनै छ ।

## 'समुन्नत पर्यटकीय पोखरा' का लागि योजना

**पोखरापत्र संवाददाता**
**पोखरा, १३ भदौ**

पोखरा महानगरपालिकाले समुन्नत पर्यटकीय पोखरा नारासहित त्रिवर्षीय आवधिक योजनामा पर्यटनलाई प्राथमिकतामा राखेको छ। पर्यटकीय हिसाबले निकै महत्व राख्ने पोखरालाई दिगो र द्रुत विकासका लागि दूरदृष्टिका साथ तयार गरिएको योजनामा समाजवादको आधारशीला निर्माणको प्रयास गरिएको छ।

महानगरपालिकालाई पर्यटन केन्द्रका रुपमा विकास गर्न पर्यटन नीति तथा आचारसंहिता तर्जुमा गरी कार्यान्वयन गरिने कुरामा जोड दिँदै विकासका प्राथमिकताका क्षेत्र तथा नीतिमा साहित्य, कला संस्कृति, पर्यटन प्रवर्द्धन तथा उद्यम विकासलाई राखिएको छ । महानगरभित्रका सबै भाषाभाषी तथा कला, संस्कृति, साहित्य, धर्म तथा सांस्कृतिक धरोहरको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन गर्न नेतृत्वदायी भूमिका खेल्ने उल्लेख छ । सांस्कृतिक तथा पर्यटनको लक्ष्यमा बदलिँदो परिवेशमा पर्यटन व्यवसायलाई नयाँ तरिकाले विकसित गरी पोखरालाई ज्ञानविज्ञान, ध्यान, संस्कृति, मनोरञ्जनसहितको आधुनिक पर्यटनको गन्तव्यस्थलका रुपमा विकास गरी विश्व मानचित्रमा पर्यटन केन्द्रका रुपमा विकास गर्ने जनाइएको छ।

त्रिवर्षीय आवधिक योजनाले जनताको सहभागितामा समग्र महानगरपालिकाको आमूल रुपान्तरण गरेर नेपालको संविधानले परिकल्पना गरेअनुसारको समाजवाद उन्मुख समाजको निर्माण गर्ने लक्ष्य लिएको पोखरा महानगर सहरी योजना आयोगका उपाध्यक्ष डा रामचन्द्र लामिछानेले जानकारी दिनुभयो। उहाँका अनुसार आवधिक योजनाको लक्ष्यमा नीला ताल, समृद्ध संस्कृति, सुरक्षित सहर, वैज्ञानिक दृष्टिकोण, उत्थानशील तथा समावेशी भौतिक पूर्वाधारमा जोड

बाँकी अन्तिम पृष्ठमा ▶▶

## राम्दीमा पहिरोले एकको मृत्यु, ३ घाईते

**श्रीकृष्ण सिग्देल**
**स्याङ्जा, १३ भदौ**

तीन दिनदेखि परेको अविरल बर्षाद्ले स्याङ्जामा पहिरोमा परी १ जनाको मृत्यु भएको छ भने ३ जना घाईते भएका छन् । जिल्लाको गल्याङ् नगरपालिका १ धार्मिक स्थल रहेको राम्दीमा पहिरोले दुई घर पुरिदा एक जनाको उद्धारकै क्रममा निधन भएको छ भने ३ जना घाईते भएका हुन् ।

जिल्ला प्रहरी कार्यालय स्याङ्जाका सूचना अधिकारी प्रहरी नायव उपरिक्षक राजेन्द्र अधिकारीका अनुसार दिउसो ४ बजेतिर माथीबाट आएको पहिरोले पुरिएर वालिङ १४ का धनमाया उम्रा बस्नेतको मृत्यु भएको बताए ।



अधिकारीका अनुसार पहिरोले घर पुरिदा छत्रदेवी गाँउपालिका ५ गुल्मीका बर्ष ३५ की लक्ष्मी बस्नेत, शैनामैना नगरपालिका १ रुपन्देहीका बर्ष १६ का शिशिर योगी र भीरकोट नगरपालिका ५ का बर्ष ३६ का नारायण तिवारी घाइते भएका छन् । उनीहरुलाई वडा प्रहरी कार्यालय वालिङबाट खटिएको प्रहरी निरिक्षक सहितको टोली र स्थानीयको सहयोगमा उद्धार गरी उपचारका लागि पाल्ला मिसन अस्पताल पठाइएको प्रहरीले जनाएको छ । उनीहरुको अवस्था सामान्य रहेको छ । दिपेन्द्र श्रेष्ठको घर पुरिएपनि मानवीय क्षती भएको छैन भने घाइते बस्नेतले संचालन गरेको होटल पुरिदा मानवीय क्षती भएको छ । पहिरोले सिद्धार्थ राजमार्ग समेत अवरुद्ध भएको छ ।

अवरुद्ध राजमार्ग खुलाउने प्रयास भइरहेको प्रहरीले जनाएको छ । अविरल बर्षाद्ले जिल्लाका विभिन्न क्षेत्रका ग्रामिण सडकहरु पहिरोले अवरुद्ध गरेको बताइएको छ ।

## जिल्ला अदालतको भवन निर्माणार्थ जग्गा प्राप्त गर्न समिति

**पोखरापत्र संवाददाता**
**पोखरा, १३ भदौ**

उच्च अदालत बार एशोसिएशन पोखरा र जिल्ला अदालत बार एशोसिएशन कास्कीको संयुक्त बैठकले जिल्ला अदालतको भवन निर्माणार्थ जग्गाको खोजी गरी प्राप्त गर्न समिति गठन गरेको छ ।



हालै पोखरामा सम्पन्न बैठकले वरिष्ठ अधिवक्ता कृष्ण थापाको संयोजकत्वमा गठित समितिका सदस्यमा वरिष्ठ अधिवक्ता हरि सुवेदी, नेपाल बार एशोसिएशनका उपाध्यक्ष सुरेन्द्र थापा मगर, सदस्य कल्पना भण्डारी, उच्च अदालत बार एशोसिएशनका अध्यक्ष नारायण पौडेल, जिल्ला अदालत बार एशोसिएशनका अध्यक्ष मुक्ति सापकोटा, डेमोक्रेटिक लयर्स एशोसिएशन (डिएलए)का अध्यक्ष विष्णुप्रसाद मरासिनी, प्रोग्रेसिभ लयर्स एशोसिएशन (पिएलए) कास्कीका अध्यक्ष सुकदेव गौतम, वेदहरि भण्डारी, कमल अर्याल रहनुभएको छ । बैठकमा जिल्ला अदालतका न्यायाधीश श्रीकृष्ण भट्टराईले जिल्ला अदालतको नयाँ भवन निर्माणका लागि रु दुई करोड बजेट स्वीकृत भएको जानकारी दिनुभयो।

करिब ६० वर्ष अगाडि बनेको हालको भवन जीर्ण अवस्थामा रहेको र सेवाग्राहीको चाप बढ्दै गएका कारण इजलास बढाउनुपर्ने तर ठाउँको अपुग भएकाले कार्यसम्पादनमा कठिनाइ भएको उहाँले बताउनुभयो।

बैठकका सहभागीले अब बन्ने अदालतको भवन करिब ५० वर्षपछिको आवश्यकतालाई मध्यनजर गरी संरचनाको प्रस्ताव गरिनुपर्नेमा जोड दिनुभयो।हालअदालतरहेकोपोखरा महानगरपालिका-६ बैदामको जग्गा करिब १५ रोपनी क्षेत्रफल भए पनि चारैतिर बाटो र कुलोको मापदण्ड कटाउँदा संरचना बनाउने जग्गा अपुग हुने हुँदा अवश्यक जग्गाको खोजी गर्नुपर्ने बैठकले निष्कर्ष निकालेको थियो । पोखरामा रहेका सरकारी जग्गाको खोजी गरी अवश्यक जग्गा प्राप्त गर्न समिति क्रियाशील बन्ने उच्च अदालत बार एशोसिएशनका अध्यक्ष पौडेलले बताउनुभयो । कास्की जिल्ला अदालतमा हाल सात इजलासबाट सेवा प्रवाह भइरहेको छ।

## भदौ २२ गतेसम्म दल बदल्न पाइने

**रासस**
**काठमाडौं, १३ भदौ**

निर्वाचन आयोगले नेकपा (एमाले) र जनता समाजवादी पार्टी (जसपा) नेपालबाट निर्वाचित प्रदेशसभा सदस्य र स्थानीय जनप्रतिनिधिलाई दल रोज्न यही भदौ २२ गते अपराह्न ५ बजेसम्म समय दिएको छ । आयोगका पदाधिकारीहरुको आइतबार बसेको बैठकले दुबै दलका जनप्रतिनिधिहरुलाई दल रोज्न समय दिने निर्णय गरेको हो ।

नेकपा (एमाले) विभाजन भएर नेकपा (एकीकृत समाजवादी) र जनता समाजवादी पार्टी(जसपा) विभाजन भएर लोकतान्त्रिक

बाँकी अन्तिम पृष्ठमा ▶▶




# पोखरामा हाप्किडोको राष्ट्रिय बन्द प्रशिक्षण सुरु

**पोखरापत्र संवाददाता**
**पोखरा, १३ भदौ**

गण्डकी प्रदेशका अर्थ मन्त्री रामजी प्रसाद बराल जीवनले केही सिमित व्यक्तिहरुले खेलकुदलाई सोखको रुपमा मात्र प्रयोग गर्नाले नेपाली खेलकुद पछि परेको बताएका छन् ।

वर्ल्ड हाप्किडो च्याम्पियन शिपमा नेपालबाट सहभागि हुने नेपाली खेलाडीहरुको पोखरामा सुरु भएको बन्द प्रशिक्षणको आइतबार उद्घाटन गर्दै मन्त्री बरालले मुठि्ठभरका केही व्यत्तिहरुले आफ्नो सोखका रुपमा मात्र प्रयोग गर्दा नेपाली खेलकुद पछि परेको बताएका हुन् ।

निश्चित घरानिया मान्छेहरुले खेलकुदलाई आफ्नो सोखको रुपमा लिएको इतिहास रहेको उल्लेख गर्दै मन्त्री बरालले अब खेलकुदलाई जीवन पद्धतीको रुपमा विकास गर्न जरुरी रहेको बताए । मन्त्री बरालले केही युवाहरुमा नेपाल भन्दा विदेशको माया बढी भएको दाबी गरे । उनले भने " हामी नेपाली विश्वको सर्वोच्च शिखर सगरमाथा देशका



नागरिक हौं भन्ने हामीले हेक्का राख्न जरुरी छ ।" नेपालमा जन्मेको हुनाले केही युवाहरुले अभाग्यमानि सम्झने अमेरीका, जापान, अष्ट्रेलियाको सपना देख्ने गम्भिर समस्याको रुपमा देखा परेको मन्त्री बरालको भनाई थियो ।

आफ्नो खेल कौसल सहित विदेशमा जादा नेपालीको भाषा संस्कृतिको समेत प्रर्द्धन गर्नुपर्ने मन्त्री बरालको भनाई थियो । देशको इज्जत र प्रतिष्ठानको पहिचानको लागि आफ्नो वलभुताले भ्यायसम्म खेल कौसन प्रदर्शन गर्न मन्त्री बरालले आग्रह गरे । प्रदेश खेलकुद परिषद गण्डकीका सदस्य सचिव तेज बहादुर गुरुङले मार्सस आर्ट खेल आत्मरक्षाको लागि उपयुक्त खेल भएको बताउदै हाप्किडो खेललाई नवौं राष्ट्रिय खेलकुदमा समावेस गर्न केन्द्रमा पहल गर्न सुझाव दिए । राज्यको ढुकुटीले मात्रै खेलकुद विकास सम्भव नहुने उनको भनाई थियो । परिषदले आगामी एक दशक भित्र प्रतिष्पर्धा बाट छनोट भएर सिधै ओलम्पिकमा सहभागिता जनाउन सक्ने खेलाडी उत्पादनमा लाग्ने योजना रहको बताए । जिल्ला खेलकुद विकास समिती कास्कीका अध्यक्ष तोरण बहादुर बाँनियाले खेलाडीका लागि खेलकुदसंगै अनुशासन महत्वपूर्ण रहेको जनाए । यसैबिच, नेपाल मार्शल आर्टस हाप्किडोको बन्द प्रशिक्षण पोखरामा शुरु भएको छ ।

आगामी कार्तिक ५ देखि ७ गते सम्म रसियाको सेन्ट पिटर्सवर्गमा आयोजना हुने वर्ल्ड हाप्किडो च्याम्पियनशिपमा सहभागिताका लागि पोखरामा बन्द प्रशिक्षण शुरु गरिएको नेपाल मार्शल आर्टस संघ हाप्किडोका अध्यक्ष काली वहादुर घर्ती मगरले बताए । वन्द प्रशिक्षणका संयोजक एवम कास्कीका अध्यक्ष खेम गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा युनाइटेड क्लव पोखराका अध्यक्ष राजु श्रेष्ठ, नेपाल मार्शल आर्टस संघ हाप्किडो गण्डकीका अध्यक्ष एमवी आस्था लगायतले बोलेका थिए ।

पोखरा रंगशालामा हुने वन्द प्रशिक्षणमा देशभरीका २० जना खेलाडी सहभागी छन । बन्द प्रशिक्षणमा रहेका खेलाडीलाई नेपाल मार्शल आर्टस हाप्किडोका वरिष्ठ प्रशिक्षक काली बहादुर घर्ती मगर, प्रमुख प्रशिक्षक सुष्मिता गुरुङ, सहायक प्रशिक्षकद्वय भुवन वुढा मगर र प्रविन गुरुङले प्रशिक्षण दिने कार्यक्रम रहेको सदस्य चन्द्रा पराजुलीले बताइन् ।

# बोधराज वरालको स्मृतिमा रतन पाण्डेमा विद्यार्थीलाई सम्मान

**पोखरापत्र संवाददाता**
**पोखरा, १३ भदौ**

पोखरा महानगरपालिका वडा नं १३ स्थित रतन पाण्डे माध्यमिक विद्यालयमा २०७६ र २०७७ को एसईईमा प्रथम र द्धित्तीय स्थान प्राप्त गर्नेलाई हालै सम्मान गरिएको छ ।

स्व. वोधराज वराल स्मृति जेहेन्दार छात्रवृत्ति कोष अन्तर्गत २०७६ सालको एसइइमा प्रथम हुने कुशल अधिकारी र द्धित्तिय हुने आशिका देवकोटालाई सम्मान गरिएको छ । त्यसैगरी २०७७ सालको एसइइमा प्रथम हुनृ संगिता बराल र द्धित्तीय हुने विनिता भुजेललाई पनि सम्मान गरियो । दुवै वर्षका उत्कृष्ट विद्यार्थीहरुलाई नगद २५ हजार सम्मानपत्र प्रदान गरिएको स्व. वोधराज स्मृति जेहेन्दार छात्रवृत्ति कोषका संस्थापक डाक्टर दिपक वरालले पोखरापत्रलाई बताए ।

जहेन्दार विद्यार्थीहरुलाइ लक्षित गरी अक्षय कोष स्थापना गरिएको भन्दै डा. वरालले आगमी दिनमा कोषलाई अझै बढाउने भने । जेहेन्दार विद्यार्थीलाई पुरस्कार वितरण गर्दै वडा न १३ अध्यक्ष दर्शन लामाले शैक्षिक



गुणस्तरीयताको लागि सबै मिलेर अगाडि बढ्न पर्ने धारणा राखे । वडा १३ मा रहेका विद्यालयहरुको गुणस्तर र प्राविधिक वृद्धिको लागि आँफु सदैव लागि पर्ने अध्यक्ष लामाले बताए । कार्यक्रममा विद्यालयका प्रधानाध्यापक डिल्लीराम वरालले विद्यालयको शैक्षिक गणस्तर बढाउनको लागि विद्यार्थी, अभिभावक, समाजसेवी र जनप्रतिनिधिहरुको सहयोग हुनुपर्नेमा जोड दिए । सोही दिन रतन पाण्डे माविवाट अनिवार्य अवकास प्राप्त गरेका शिक्षक द्धय सरस्वती वराल र सुनीता वराललाई बिदाई गरिएको थियो ।

# काँग्रेसमा नयाँ सदस्य बढी

**पोखरापत्र संवाददाता**
**दमौली, १३ भदौ**

तनहुँमा नेपाली काँग्रेस नयाँ सदस्य बढी छन् । पार्टीको जिल्ला शाखाले सार्वजनिक गरेको विवरणमा जिल्लामा पुरानाभन्दा नयाँ सदस्य बढी देखिएका हुन् ।

यही भदौ १८ गतेदेखि शुरु हुने महाधिवेशनका लागि सार्वजनिक विवरणमा जिल्लामा सात हजार ५७९ नयाँ क्रियाशील सदस्य थपिएका छन् भने नवीकरण गरेका सदस्य छ हजार ९३५ छन् । योसँगै कूल क्रियाशील सदस्य १४ हजार ५१४ पुगेका छन् । दश स्थानीय तह रहेको जिल्लामा ८५ वटा वडा छन् । वडामा सबैभन्दा बढी व्यास नगरपालिका-१ मा २९७ नयाँ सदस्य थपिएका छन् । व्यासमा सबैभन्दा बढी दुई हजार २४६ र सबैभन्दा कम आँबुखैरेनी गाउँपालिकामा २४९ नयाँ सदस्य थपिएका हुन् । भानुमा एक हजार १४८, शुक्लागण्डकीमा एक हजार ४०, र भिमाद नगरपालिकामा ५५५, तथा देवघाटमा २५७, बन्दीपुरमा ४४२, म्याग्देमा ७४९, घिरिङमा २७५ र ऋषिङ गाउँपालिकामा ६१८ नयाँ सदस्य थपिएका छन् ।

व्यासमा दुई हजार २२४, भानुमा एक हजार १६५, शुक्लागण्डकीमा ९४९, भिमादमा ४८६, तथा देवघाटमा १५५, आँबुखैरेनीमा १६०, बन्दीपुरमा ३८९, म्याग्दे मा ६३५, घिरिङमा २०३ र ऋषिङमा ५६९ जनाले नवीकरण गराएका छन् । नेपाली काँग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलको गृहजिल्लामा जिल्ला सभापतिका लागि कार्यवाहक सभापति जीतप्रकाश आले, जिल्ला सचिव विश्व बाँस्तोला, पूर्वसचिव प्रा डा कृष्णप्रसाद गौतमलगायतको चर्चा छ ।

जिल्ला सचिव लक्ष्मी आचार्य, महासमिति सदस्य रामचन्द्र अधिकारी पनि जिल्ला सभापतिका लागि आकाङ्क्षी देखिएका छन् । वर्तमान सभापति एवं व्यास नगरप्रमुख वैकुण्ठ न्यौपाने पनि पुनःसभापतिमा दोहोरिने चर्चा कार्यकर्तामाझ चलेको छ । वरिष्ठ नेता पौडेल, केन्द्रीय सदस्य शङ्कर भण्डारी, गोविन्द भट्टराई, प्रदीप पौडेललगायत 'हेभिवेट' नेताहरु पनि आफू निकटका व्यक्तिलाई नेतृत्वमा ल्याउने तयारीमा छन् ।कार्यवाहक सभापति जीतप्रकाश आलेले जिल्ला सभापतिका लागि आफू स्वभाविक उम्मेदवार भएको बताउनुभयो ।

जिल्लाको सबैभन्दा महत्वपूर्ण व्यासको नगर सभापतिमा ट्रेड युनियन काँग्रेसका अध्यक्ष सूर्यचन्द्र हड्खले, नगर समितिका सहसचिव डम्बर अधिकारी, हरिदत्त पौडेल, डा शेषरमण न्यौपाने प्रतिस्पर्धी देखिनुभएको छ । सहसचिवसमेत रहनुभएका अधिकारीले सभापतिमा उठ्ने तयारीसहित मतदाता भेटघाट शुरु गरिसक्नुभएको छ ।

# गण्डकीमा ५०४ संक्रमण मुक्त

**पोखरापत्र संवाददाता**
**पोखरा, १३ भदौ**

गण्डकी प्रदेशमा पछिल्लो २४ घण्टामा ५०४ जना कोरोना संक्रमण मुक्त भएका छन् । यस अवधिमा २३० जना संक्रमित थपिएको गण्डकी प्रदेश स्वास्थ्य निर्देशनालयले जनाएको छ ।

पछिल्लो २४ घण्टामा छजना संक्रमितको मृत्यु भएको स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेश आपत्कालीन कार्यसञ्चालन केन्द्रका संयोजकनवराजशर्माले जानकारी दिनुभयो । उहाँका अनुसार मृत्यु हुनेमा कास्की र तनहुँका तीन/तीनजना छन् । यीसँगै प्रदेशमा कोरोना संक्रमण भई मृत्यु हुनेको संख्या एक हजार २९० पुगेको छ । पछिल्लो एक हप्ताको तथ्याङ्कअनुसार प्रदेशमा कोरोना संक्रमणका कारण ५१ जनाको मृत्यु भएको छ भने दुई हजार ३५१ जना संक्रमित थपिएका छन् । प्रदेशमा सक्रिय संक्रमितको संख्या तीन हजार ४१८ पुगेको र होम आइसोलेशनमा तीन हजार १८१ जना रहेको गण्डकी प्रदेश स्वास्थ्य निर्देशनालयले जनाएको छ ।

# समुन्नत...

दिइएको छ । आयोगले तयार गरेको आवधिक योजनामा ३५ योजनाका विषय र त्यसका विषयग क्षेत्रलाई समेटिएको छ ।

यसको उद्देश्यमा पर्यटनको लागि आवश्यक विधि, विधान र पूर्वाधार संरचनाको विकास एवं विस्तार गर्ने पोखरालाई विश्व पर्यटन गन्तव्यको केन्द्रका रुपमा विकास गरी आर्कषक रोजगारी तथा आयआर्जनका अवसर विस्तार गर्ने रहेको छ । त्यसैगरी महानगरपालिकामा पर्यटन महाशाखा र पर्यटन परिषदको स्थापना गर्ने, महानगरपालिकाको सम्भावनालाई प्रष्फुटन गर्न पर्यटन गुरुयोजना तयार गर्ने, पर्यटन व्यवसायीलाई सङ्गठित गरी पर्यटन व्यवसायी, महानगरपालिका, सहकारी र नागरिकको सहभागितामा वित्तीय संस्थाको स्थापना गरी पर्यटन व्यवसायको प्रवर्द्धन गर्ने, नयाँनयाँ पर्यटन गन्तव्य र पर्यटन उत्पादनको विकास गर्न सम्भावित सूची तयार गरी विस्तृत परियोजना तयार गर्ने, सङ्घ, प्रदेश, गैसस, निजी क्षेत्र, अन्तर्राष्ट्रिय सङ्घ संस्थासँग साझेदारी गरी सम्भावित पर्यटन गन्तव्य र उत्पादनका लागि आवश्यक पर्ने पूर्वाधार तथा संरचना तयार गर्ने उक्त त्रिवर्षीय योजनामा उल्लेख छ । त्यसैगरी पर्यटन शक्तिको विकास गर्न र पर्यटन व्यवसायका लागि आवश्यक पर्ने जनशक्तिको नियमित रुपमा सीप, क्षमता तथा दक्षता विकास गर्ने संयन्त्र तयार गर्ने, महानगरपालिका र विदेशी तथा स्वदेशी महानगरपालिका एवं नगरपालिकासँग भागिनी सम्बन्ध स्थापना गर्ने, पोखरामा अन्तर ाष्ट्रियसभा सम्मेलन गर्न विभिन्न सरोकारवालासँग सहकार्य गर्ने रणनीति रहेको योजनामा उल्लेख छ । योजनाको कार्यक्रम कार्यविधि तथा क्रियाकलापलाई पनि विषयगत रुपमा समेत खुलाइएको छ । महानगरपालिकाको विस्तृत पर्यटन परियोजना तयार गरी दक्षिण एशियाको विशेष पर्यटकीयस्थलका रुपमा विकास गर्ने, घरबस्तीको सौन्दर्यकरण गर्ने, बाटाको दाँयाबाँया बिरुवा रोप्न, खोलाको किनारामा बाँस एवं वृक्षरोपण, सार्वजनिक शौचालय आदिको व्यवस्थापन गर्ने, उद्यम तथा उद्यमशीलता विकासका लागि आवश्यक नीति तथा स्रोतको व्यवस्था गर्ने वातावरण निर्माण गरिने, महानगरपालिकाभित्रका कला, साहित्य तथा संस्कृतिको प्रवर्द्धन गरेर व्यावसायिक विकासका लागि समूह गठन गरी परिचालन गर्ने योजनामा छ । नागरिक र महानगरपालिकाको संयुक्त सहभागितामा सहकारी, लघुवित्त, पोखरा पूर्वाधार विकास निगम तथा पब्लिक लिमिटेड कम्पनीमार्फत पूँजी निर्माण गरी नागरिकको सीप, दक्षता तथा साङ्गठनिक सवलीकरण एवं आधारभूत भौतिक पूर्वाधारको निर्माण गरी श्रममा आधारित अर्थतन्त्रलाई ज्ञानमा आधारित अर्थतन्त्रमा रुपान्तरण गरी उद्यम व्यवसाय तथा कृषि, पशु, वनलगायतका सबै खाले उत्पादनलाई आधुनिकरण गरेर उद्यमशीलता विकास तथा बजार सुनिश्चितामार्फत वातावरणमैत्री आर्थिक, सामाजिक तथा सांस्कृति रुपमा समृद्ध महानगरपालिका बनाउने लक्ष्य राखिएको छ ।

महानगरपालिकावासीमा समर्पित सो गुरुयोजना तयार गर्न विविध पक्षमा सहयोगको अपेक्षा गरिएको महानगरका उपप्रमूख एवं योजना सहजीकरण समितिका संयोजक मञ्जुदेवी गुरुङले जानकारी दिनुभयो । उहाँले नेपालको संविधान २०७२ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को अधिनमा रही महानगरपालिकाको दिगो र द्रुत विकासका लागि यो नै विकासको पहिलो मार्गचित्र भएको बताउनुभयो । सङ्घीय सरकारको १५औँ पञ्चवर्षीय योजना, गण्डकी प्रदेश सरकारको प्रथम पञ्चवर्षीय योजना (२०७७/७७ देखि २०८०/८१) सम्मका उद्देश्यलाई दृष्ट्रिगत गरी पर्यटन, कृषि, ऊर्जा, उद्योग, पूर्वाधार र मावन संशेधन विकासका माध्यमबाट समतामूलक तथा फराकिलो उच्च आर्थिक वृद्धि हासिल गरी समृद्ध प्रदेशको आधारशिला निर्माण गर्नु रहेको महानगरका प्रमुख प्रशासकीय अधिकृत महेश बरालले बताउनुभयो ।

# भदौ २२ ...

समाजवादी पार्टी (लोसपा) नेपाल दर्ता भएका छन् ।

सरकारले हालै ल्याएको अध्यादेशअनुसार संघीय संसद वा केन्द्रीय समितिको २० प्रतिशत पुऱ्याए दल विभाजन गर्न सक्ने व्यवस्था गरेपछि यी दुबै दल विभाजित भई यही भदौ ९ गते आयोगमा दर्ता भएका हुन् । अध्यादेशमा प्रदेश र स्थानीय तहका जनप्रतिनिधिलाई नयाँ दल दर्ता प्रक्रिया शुरु भएको मितिले २१ दिनभित्र दल रोज्न सक्ने व्यवस्था भएअनुसार भदौ २२ गतेभित्र दुबै दलका जनप्रतिनिधिले सनाखत गर्नुपर्ने आयोगका प्रवक्ता राजकुमार श्रेष्ठले जानकारी दिनुभयो । उहाँका अनुसार प्रदेशसभा सदस्यहरुले प्रदेश निर्वाचन कार्यालय र स्थानीय जनप्रतिनिधिहरुले जिल्ला निर्वाचन कार्यालयमा गएर सनाखत गर्नुपर्ने हुन्छ । सनाखत गर्नका लागि नागरिकता वा मतदाता परिचय प्रमाणपत्र, निर्वाचित भएको वा प्रदेशसभा/स्थानीय तहबाट जारी भएको परिचयपत्र वा प्रमाणपत्र लैजानुपर्ने आयोगद्वारा जारी सूचनामा जनाइएको छ ।

# एमालेको सिफारिश कार्यान्वयन नहुने, १४ सांसदको पद जोगियो

**रासस**
**काठमाडौं, १३ भदौ**

नेकपा (एमाले)ले माधवकुमार नेपालसहितका १४ जना प्रतिनिधिसभा सदस्यलाई कारबाहीका निम्ति सभामुख अग्निप्रसाद सापकोटासमक्ष गरेको सिफारिश कार्यान्वयन नहुने भएको छ ।

निर्वाचन आयोगले यही भदौ ११ गते नेकपा (एकीकृत समाजवादी) नामको नयाँ दल दर्ता भएको सूचना संसद् सचिवालयलाई पठाएकाले कारबाहीका लागि सिफारिश गरिएकाहरूविरुद्ध कुनै कदम चाल्नुनपर्ने निर्णय सभामुखले गुर्नभएको प्रतिनिधिसभाका सचिव गोपालनाथ योगीले राससलाई बताउनुभयो । 'राजनीतिक दलसम्बन्धि ऐन तथा नयाँ दल दर्ता भइसकेको अवस्थामा कारबाही गर्नुनपर्ने निर्णय सभामुखबाट भएको हो', उहाँले भन्नुभयो । यही भदौ १ गते नेकपा (एमाले)ले आफ्ना १४ जना सांसदलाई कारबाही गरेको पत्र संसद् सचिवालयमा दर्ता गराएको थियो । विसं २०७८ वैशाख २७ गते प्रधानमन्त्री केपी शर्मा ओलीले विश्वासको मत लिने क्रममा संसद् बैठक बहिष्कार गरेर पार्टीको ह्वीप उल्लङ्घन गरेकाले उहाँहरूलाई पार्टी र संसद् सदस्यबाट हटाउने निर्णय गरेको थियो । सभामुखको निर्णयसँगै नेता नेपाल, जीवनराम श्रेष्ठ, मुकुन्द न्यौपाने, रामकुमारी झाँक्री, कल्याणी खड्का, लक्ष्मीकुमारी चौधरी, नीरादेवी जैरु, पुष्पाकुमारी कर्ण कायस्थ, सरलाकुमारी यादव, कलिला खातुन, विरोध खतिवडा, कृष्णलाल महर्जन, भवानी खापुङ र मेटमणि चौधरीको सांसद पद जोगिएको छ ।


**कपालको उपचार**

**कपाल झर्न तुरून्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

**सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६



**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरूषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्धार सम्वन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ ।

महिला वा पुरूषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला ।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

